## बैठक नं. ५७

आज मिति २०८२ पौष २० गते आइतवार बिहान १०:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री वसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |

प्रोण प्रताप के.सी.
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ५६ औ बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२) संघ र प्रदेशका लागि समपुरक र बिशेष योजनाहरु छनौट सम्बन्धमा ।
३) हिउँद गाउँसभा अधिवेशन र वैठक सम्बन्धमा ।
४) ओ एण्ड एम प्रारम्भिक छलफल र सभाम पेश गर्ने सम्बन्धमा ।
५) १० बेडको अस्पताल संचालनको लागि जनशक्ति र आवश्यक सामाग्री सम्बन्धमा ।
६) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
७) इन्टरनेट संचालन सम्बन्धमा ।
८) हेफरसँगको गाइ भैसी प्रवर्द्धन कार्यक्रम र कृषि यन्त्रीकरण लागत साझेदारी तोक्ने सम्बन्धमा ।
९) तामाकोशी जनजागृति माविको गत बर्षको भुक्तानी सम्बन्धमा ।
१०) वडा न ६ च्यामाको देउराली गडिमाइ तथा घोर्नागी संरक्षण तथा सरसफाइमा भएको खर्च भुक्तानी सम्वन्धमा ।
११) जनभावना बहुउदेश्यीय समस्त युवा क्लबले संचालन गरेको भलिवल प्रतियोगितामा भएको खर्च वापतको भुक्तानी दिने सम्बन्धमा ।
१२) करारमा कार्यरत कर्मचारीको करार म्याद उमेर र तलब सुविधा सम्बन्धमा ।
१३) विविध सम्बन्धमा ।

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ५६ औ वैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: आर्थिक बर्ष २०८३।०८४ को लागि संघ र प्रदेशमा तपशिल बमोजिम समपुरक तथा विशेष योजनाहरु छनौट भएको निर्णय गरियो ।

<u>संघीय समपुरक योजनाको लागि</u>

क) जालपादेवी आत्मारा देउराली हल्लेनीढुङ्गा सम्म पदमार्ग निर्माण
ख) मालुखोला डाँडागाउँ फ्यातल छौंडि सडक स्तरोन्नती तथा निर्माण
ग) कालिकामावि देउराली छौंडि मानेडाँडा सितापाइला कात्तिके सडक स्तरोन्नती तथा निर्माण

संघीय विशेष योजनाको लागि

क) कृषि यन्त्रीकीकरण सवै वडा

बागमती प्रदेश समपुरक को लागि

क) मानेडाँडा छौंडि देउराली कालिका मावि सडक स्तरोन्नती वडा न ३, ६ र ७

ख) किर्नेवेसी किर्नेगाउँ रिठ्ठावोट कल्लेरी मालुडाँडा गाउँ सडक स्तरोन्नती वडा न ५ र ४

ग) झुले गैरी बेसी भिरकोट वडा कार्यालय सडक स्तरोन्नती वडा न २ र १

बागमती प्रदेश विशेष योजनाको लागि

क) सोलार बत्ती जडान सवै वडा सार्वजनिक स्थल

निर्णय न.३: मिति २०८२।०९।३० गते तामाकोशी गाउँपालिकाको हिउँद गाउँसभा अधिवेशन आव्हान गरी सोही मितिमा वैठक बस्ने निर्णय गरीयो साथै सभा तयारी कार्यपालिका वैठक मिति २०८२।०९।२८ गते बस्ने निर्णय समेत निर्णय गरियो ।

निर्णय न.४: तामाकोशी गाउँपालिकाको ओ एण्ड एम सर्भे सम्बन्धि प्रारम्भिक विषयमा छलफल गर्दा बरुवा सेवा प्रा.लि. लाई तपशिल बमोजिम दरबन्दी पुनरावलोकन गरी अन्तिम ड्राफ्ट पेश गर्न लगाइ पारितका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

क.अमिन २ जना

ख.सामुदायिक स्वास्थ्य इकाइका लागि १ जना अहेव १ जना अनमि र १ जना कार्यालय सहयोगी

ग.कानूनी सल्लाहकार १ जना

घ.तामेलदार १ जना

ङ.मेकानिकल र इलेक्ट्रोनिक इन्जिनियर १/१ जना

च.गाउँपालिका प्रहरी १० जना

छ.कृषि र पशु प्राविधिक एक वडा एक प्राविधिक

ज. मनोसामाजिक परामर्शकर्ता एक वडा एक जना

झ.पोषण सहजकर्ता १ जना

ञ. कम्प्यूटर अपरेटर गाउँपालिकामा १ जना र प्रत्येक वडामा १ जना

ट.सडक तथा झोलुङ्गे पुल हेरालु तथा संरक्षणकर्ता प्रत्येक वडामा १ जनामा

ठ.पलम्बर एक वडामा १ जना

ड.१० बेडको अस्पताल संचालनको लागि गार्ड स्वीपर लगायत कार्यविधिसँग तालमेल गरी

निर्णय न.५: तामाकोशी गाउँपालिकाको निर्माण सम्पन्न १० बेडको अस्पतालको भवनबाट सेवा सुचारु गर्न कार्यविधिमा उल्लेख गरिएको आवश्यक थप जनशक्तिको लागि सम्बन्धित निकायहरुमा पदपूर्ति गरिदिन अनुरोध गर्ने तथा पदपूर्ति नहुँदासम्म करार सेवामा जनशक्ति व्यवस्थापन गर्न विज्ञापन गर्ने र नयाँ भवनमा सर्नको लागि स्वास्थ्य शाखाबाट पेश भइ आएको व्यवस्थापन सम्वन्धी रु १० लाख बरावरको आवश्यक सामाग्रीहरु, मेडिकल सम्वन्धी स्वास्थ्य शाखाबाट पेश भएको १० लाख बरावरको सर्जीकल अत्यावश्यक सामाग्रीहरु चालु विविध, भैपरी र उपयुक्त शिर्षकबाट र फार्मेशी संचालनको लागि विमा कार्यक्रमलाई समेत समेट्ने गरी ११ सय प्रकारका औषधीहरु विनियोजित बजेट औषधी खरिद शीर्षकबाट तत्काल छोटो र छिटो खरिद विधिबाट खरिद गरी माघ १५ गते भित्र १० बेडको अस्पताल संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय न.६: रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने न्युनतम रोजगारमुलक योजनाहरु राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ को न्युनतम रोजगारीका लागि प्राप्त सशर्त तर्फको बजेट रकम रु ३३,७२,०००/- र गाउँपालिकाबाट शतप्रतिशत रकम साझेदारी रकम रु ३३,७२,०००/- सहित विनियोजन रकमबाट मिति २०८२/०३/२७ गतेको गाउँ सभाबाट स्विकृत भई रातो किताबमा समावेश भएका तपशिल योजनाहरुमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भई वडागत सुचिकृत बेरोजगार व्यक्तिहरुको संख्याका आधारमा बजेट विनियोजन गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को परिच्छेद ४ को दफा (१८) बमोजिम रोजगारमुलक योजना कार्यान्वयन गर्ने। र तामाकोशी रोजगार कार्यक्रम र राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने योजनाहरुमा साविकको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तोकिएको जिल्ला दर रेटको ८० प्रतिशत ज्याला रकम कार्यान्वयन गरी राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतको कामदारको ज्याला रकम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को दफा (२१) मा उल्लेख भए बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

| वडा | योजनाको नाम | राष्ट्रिय रोजगार | गाउँपालिका साझेदारी | राष्ट्रिय रोजगार बजेट | गाउँपालिका साझेदारी | ज्याला दर | दिन | कुल बजेट |
|---|---|---|---|---|---|---|---|---|

प्रोज्ज्वल प्रताप के.सी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिदह भिरखेत पदमार्ग | ४ | ३ | ३२३००८ | २४२२५६ | ८२४ | ९८ | ५६५२६४ |
| | गैरीचौर बाघखोर पदमार्ग | ४ | ३ | ३२३००८ | २४२२५६ | ८२४ | ९८ | ५६५२६४ |
| २ | पात्ले पुरानो मिल ऐटनघर टोल पदमार्ग | ३ | ३ | २४२२५६ | २४२२५६ | ८२४ | ९८ | ४८४५१२ |
| | ढोलिखोला झोलुङगेपुल चौरघर पदमार्ग | २ | ३ | १६१५०४ | २४२२५६ | ८२४ | ९८ | ४०३७६० |
| ३ | ठुलाखेत वरारुख भुमरे डाँडा गोरेटो बाटो निर्माण योजना | ३ | ३ | २४२२५६ | २४२२५६ | ८२४ | ९८ | ४८४५१२ |
| | गैरीगाउँ साईदिउराली सल्लेनीवन गोगनडाँडा गोरेटो बाटो निर्माण योजना | ३.० | ३.५ | २४२२५६ | २८२६३२ | ८२४ | ९८ | ५२४८८८ |
| ४ | विद्यालयमा तरकारी तथा फलफुल उत्पादन कार्यक्रम | ३ | ३ | २४२२५६ | २४२२५६ | ८२४ | ९८ | ४८४५१२ |
| | चैंकेबारी गैरीगाउँ पदमार्ग | ४ | ३ | ३२३००८ | २४२२५६ | ८२४ | ९८ | ५६५२६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | कल्लेरी चिमथली निवुवारी पदमार्ग | ३ | ३.५ | २४२२५६ | २८२६३२ | ८२४ | ९८ | ५२४८८८ |
| | अखौंले कल्लेरी पैदल मार्ग निर्माण योजना | २.० | २ | १६१५०४ | १६१५०४ | ८२४ | ९८ | ३२३००८ |
| ६ | पोखरे जनज्योति सडक सोलिङ | ३ | २.५ | २४२२५६ | २०१८८० | ८२४ | ९८ | ४४४१३६ |
| | नसखर्क वडा कार्यालय सडक सोलिङ्ग योजना | २ | ३ | १६१५०४ | २४२२५६ | ८२४ | ९८ | ४०३७६० |
| ७ | आहाल गैरो उने चौर सडक सोलिङ योजना | ३ | ३ | २४२२५६ | २४२२५६ | ८२४ | ९८ | ४८४५१२ |
| | चप्लेटी देखि जोर धारा जरे पानी सडक सोलिङ योजना | २.५ | ३ | २०१८८० | २४२२५६ | ८२४ | ९८ | ४४४१३६ |
| जम्मा | | ४१.५० | ४१.५० | ३३५१२०८ | ३३५१२०८ | | | ६७०२४१६ |

निर्णय न.७: यस गाउँपालिका र स्काइ ब्रोडव्याण्ड प्रालिसँग इन्टरनेट जडान र संचालन सम्बन्धी भएको सम्झौता सम्बन्धिका कार्यहरुमा अन्यौलता देखिएको र अल्ट्रानेटले दिएको निवेदन सन्दर्भलाइ मध्यनजर गर्दा यस गाउँपालिका र अन्तरगतका कार्यालय तथा विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउदै आएको अल्ट्रानेट कम्युनिकेशन बनेपा काभ्रेसँग सम्झौता गरी नियमानुसारको शुल्क बुझाउदै इन्टरनेट सेवा अवरुद्ध हुनबाट रोक्ने र सेवा चुस्त दुरुस्त बनाउने निर्णय गरियो ।

प्रोण प्रताप के.सी

अध्यक्ष

निर्णय न.८: बागमती प्रदेश बिशेष योजना कृषि यन्त्रीकरण प्रवर्द्धन कार्यक्रममा ५० प्रतिशत लागत साझेदारी कायम हुने गरी कार्यान्वयनमा जाने तथा संघीय विशेष कार्यक्रम अन्तर्गत स्वच्छ खानेपानी सुदृढीकरण कार्यक्रम कार्यविधि अनुरुप कार्यान्वयनमा जाने निर्णय गरियो ।

निर्णय न.९: तामाकोशी जनजागृति मावि लिखु तामाकोशी खिम्तिको फर्नीचर खरिदका लागि गत बर्षको भुक्तानी दिन छुट भएको रु ५५ हजार विविध उपयूक्त शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.१० वडा न. ६ च्यामाको देउराली गडिमाइ तथा घोर्नागी संरक्षण तथा सरसफाइमा भएको खर्च ४० हजार विविध उपयूक्त शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.११ जनभावना बहुउदेश्यीय समस्त युवा क्लब तामाकोशी २ झुलेले संचालन गरेको भलिबल प्रतियोगितामा भएको नपुग खर्च रु ५० हजार विविध उपयूक्त शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.१२ यस गाउँपालिकामा करार सेवामा कार्यरत सवै कर्मचारीहरुको करार म्याद असार मसान्तसम्म थप गर्ने, करारमा कार्यरत सवै कर्मचारीको उमेर हद स्थायी सरह कायम गरी सोही बमोजिम सम्झौता गर्ने र सबैलाई समान र स्केल अनुसार तलब सुविधा उपलब्ध गराउने निर्णय गरियो ।उमेर हदमा अवकाश जाने कर्मचारीहरुलाई रु ५० हजार प्रोत्साहन उपलब्ध गराउने निर्णय समेत गरियो ।

निर्णय न.१३ यस गाँउपालिका अन्तर्गत कार्यरत हे अ सवेत जंग शाही पूर्ण छात्रवृतिमा विपिएच अध्ययनका लागि र अनमि विना थारु पूर्ण छात्रवृतिमा विएनएस अध्ययनका लागि छनौट भइ भर्ना समेत हुनुभएकोले निजहरुलाई स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ बमोजिम तलब सहितको अध्ययन विदा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न.१४ निम्न व्यक्तिहरुलाइ गतवर्ष भुक्तानी दिन बाकी स्वास्थ्य उपचार वापतको आर्थिक सहायता भुक्तानी गर्ने निर्णय गरियो ।

क. वडा न ५ बस्ने श्रदा खड्का रु ५० हजार

ख. वडा न ३ बस्ने राम शरण महत रु ५० हजार

प्रोण प्रताप के.सी

अध्यक्ष

Scanned with CamScanner